## मिति २०८३ असार १७ गतेको ७९ औं कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

प्रस्ताव नं. १ : अघिल्लो कार्यपालिका बैठकको समीक्षा सम्बन्धमा ।

प्रस्ताव नं. २ : भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पत्र सम्बन्धमा

प्रस्ताव नं. ३ : जिल्ला समन्वय समितिको कार्यालयको पत्रको जानकारी सम्बन्धमा ।

प्रस्ताव नं. ४ : योजना फरफारक सम्बन्धमा ।

प्रस्ताव नं. ५ : आ.व. २०८३/०८४ को बजेट, योजना तथा कार्यक्रम सम्बन्धमा ।

प्रस्ताव नं. ६ : विषयगत समितिको प्रतिवेदन स्वीकृतिको लागि सिफारिस गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ७ : महालेखा परीक्षकको कार्यालयबाट आ.व. २०८१/०८२ को लेखा परीक्षण प्रतिवेदन सम्बन्धमा ।

प्रस्ताव नं. ८ : भूमि प्रशासन शाखा संचालनका लागि श्रोत व्यवस्थापन सम्बन्धमा ।

प्रस्ताव नं.९ : भूमि सेवा सम्बन्धी कर सम्बन्धमा ।

प्रस्ताव नं. १० : अध्ययन बिदा स्वीकृत गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ११ : आर्थिक सहयोग सम्बन्धमा।

## निर्णयहरू

**निर्णय नं. ७९.१ :** नगर कार्यपालिकाको मिति २०८३/०३/०९ गतेको बैठकबाट भएका निर्णयहरु कार्यान्वयनको सम्बन्धमा आजको यस कार्यपालिका बैठकमा छलफल तथा समीक्षा गरियो । हालसम्म कार्यान्वयन हुन नसकेका निर्णयहरु तत्काल कार्यान्वयन गर्न कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७९.२ :** भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. १३७ मिति २०८३/०३/१० को पत्रबाट नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८२/१२/१३ को बैठकबाट स्वीकृत शासकीय सुधार सम्बन्धी एक सय कार्यसूचीहरुको बुँदा नं. १७ कार्यान्वयन एवं स्थानीय तहबाट प्रवाह हुने सेवालाई पारदर्शी, उत्तरदायी तथा विश्वसनिय बनाई नागरिक केन्द्रित गुणस्तरीय सेवाको सूनिश्चतताको लागि सेवाको गुणस्तर प्रमाणिकरण गर्न आवश्यक भएकोले नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८३/०२/११ को बैठकबाट स्वीकृत भई मिति २०८३/०३/०४ गते नेपाल राजपत्रमा प्रकाशित "स्थानीय तहबाट प्रवाह हुने गुणस्तर प्रमाणीकरण मापदण्ड, २०८३" कार्यान्वयनका लागि लेखि आएको हुँदा उक्त मापदण्डका विषयमा यस कार्यपालिका बैठकमा छलफल भई कार्यान्वयनका लागि कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७९.३ :** जिल्ला समन्वय समितिको कार्यालय, सिन्धुपाल्चोक, चौताराको च.नं. ४६७ मिति २०८३/०३/१० को पत्र तथा भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सुशासन प्रवर्द्धन शाखाको च.नं. ३०५ मिति २०८३/०३/०८ को पत्रानुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोगको पत्र संख्या ४/स्थानीय/६९१५/०८२/८३ (S) च.नं. ५९२७०, मिति २०८३/०३/०१ को पत्रबाट प्राप्त भएको उजुरीको सम्बन्धमा यस बैठकमा जानकारी गराइयो ।

**निर्णय नं. ७९.४ :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ को उपदफा (२) खण्ड (ङ) मा भएको कानूनी व्यवस्था बमोजिम मेलम्ची नगरपालिकाका उपप्रमुख उमा प्रधानज्यूको संयोजकत्वमा गठित योजना अनुगमन तथा सुपरीवेक्षण समितिबाट देहाय बमोजिमका योजनाहरुको अनुगमन गरी फरफारकको लागि पेश भएको हुँदा उक्त योजनाहरुको सम्बन्धमा यस कार्यपालिका बैठकमा छलफल भई पेश भएका अनुसूची -१ मा उल्लिखित योजनाहरु फरफारक गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७९.५:** श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समितिमा छलफल भई पेश भएको अनुसूची-२ मा उल्लिखित आ.व. २०८३/०८४ को बजेट,योजना तथा कार्यक्रम स्वीकृतिको लागि नगर सभामा सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७९.६:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ बमोजिम गठित तपसिल बमोजिमका विषयगत समितिका अनुसूची -३ मा उल्लिखित प्रतिवेदनहरु यस बैठकमा छलफल भई स्वीकृतिका लागि आगामी नगर सभामा सिफारिस गर्ने निर्णय गरियो।

<u>तपसिल</u>

१. मेलम्ची नगरपालिकाको लेखा समितिको प्रतिवेदन
२. मेलम्ची नगरपालिका विधायन समितिको प्रतिवेदन
३. मेलम्ची नगरपालिका सुशासन समितिको प्रतिवेदन
४. मेलम्ची नगरपालिका न्यायिक समितिको प्रतिवेदन
५. मेलम्ची नगरपालिका सामाजिक विकास समितिको प्रतिवेदन
६. मेलम्ची नगरपालिका वन, वातावरण तथा विपद् व्यवस्थापन समितिको प्रतिवेदन
७. मेलम्ची नगरपालिका पूर्वाधार विकास समितिको प्रतिवेदन
८. मेलम्ची नगरपालिका आर्थिक विकास समितिको प्रतिवेदन

**निर्णय नं ७९.७ :** महालेखा परीक्षकको कार्यालयबाट आ.व. २०८१/०८२ को लेखा परीक्षण प्रतिवेदन र उक्त प्रतिवेदनमा औंल्याइएका बेरुजुहरुको सम्बन्धमा लेखा समितिमा छलफल भई उक्त समितिबाट सिफारिस भई आएका अनुसूची - ४ मा उल्लिखित बेरुजुहरु नियमित एवं फछ्र्यौट गर्नको लागि नगर सभामा सिफारिस गर्ने निर्णय गरियो।

**निर्णय नं. ७९.८ :** मेलम्ची नगरपालिकामा मिति २०८३ असार १७ गते देखि भूमि प्रशासन शाखा संचालनमा आएको व्यहोरा सम्बन्धित सबै सरोकारवाला निकायहरुलाई जानकारी गराउने निर्णय गरियो।

**निर्णय नं. ७९.९ :** मेलम्ची नगरपालिकामा मिति २०८३/०३/१७ गते देखि भूमि व्यवस्थापन शाखा स्थापना भई सेवा सुचारु गरिएको हुँदा उक्त सेवा प्रवाहका सम्बन्धमा मेलम्ची नगरपालिकाको आर्थिक ऐन, २०८३ मा तपसिल बमोजिमको करको दर निर्धारण एवं थप गर्नको लागि नगर सभामा सिफारिस गर्ने निर्णय गरियो।

<u>तपसिल</u>

(क) नक्सा प्रिन्ट शुल्क प्रति कित्ता रु. १००
(ख) भू-सेवा शुल्क रु. १०००
(ग) कित्ता एकिकरण गर्दा प्रत्येक कित्ताको फिल्ड रेखाङ्कन बापतको शुल्क सहित प्रति कित्ता थप रु. ५०
(घ) माथि उल्लेख भए भन्दा बाहेक हकमा प्रदेश आर्थिक ऐन बमोजिम हुनेछ।

**निर्णय नं. ७९.१० :** बागमती प्रदेश, स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ५९ को उपदफा (२) मा सेवा अवधिभरमा एकैपटक वा पटक पटक गरी बढीमा ४ वर्षसम्म अध्ययन बिदा पाउने कानूनी व्यवस्था भएकोमा मेलम्ची नगरपालिका अन्तर्गत अ.न.नि. (छैठौं) पदमा कार्यरत सम्झना बस्नेतले यस अघि ३ वर्ष अध्ययन बिदा लिई अध्ययन कार्य समेत सम्पन्न गरी कार्यालयमा तीन वर्षसम्म निरन्तर सेवा प्रदान गरेको र पुन: पाटन एकेडेमी अफ हेल्थ साइन्स, ललितपुरमा Adult Health Nursing विषय अध्ययन गर्न अध्ययन बिदा स्वीकृतिको लागि निवेदन पेश गरेको हुँदा हाललाई निजको एक वर्षको अध्ययन बिदा स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं. ७९.११ :** मेलम्ची नगरपालिका १ नं. वडा कार्यालयको च.नं. १३२९ मिति २०८३/०३/१५ को पत्रबाट सोही वडा निवासी चेत बहादुर कार्कीको छोरा कुल बहादुर कार्की मिति २०८३/०३/०३ गते लडेर मेरुदण्डको हाड भाँचिएको र निज हाल अर्थोपेडिक अस्पताल, जोरपाटी, काठमाडौंमा भर्ना भई उपचाररत रहेको र निजको मेरुदण्डको शल्यक्रिया गर्नुपर्ने भएको एवं आर्थिक अवस्था अत्यन्त कमजोर भएको हुँदा आर्थिक सहायता उपलब्ध गराइदिनका लागि सिफारिस भई आएकोले निजलाई विपद् व्यवस्थापन कोषबाट खर्च हुने गरी रु. ५० हजार आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो।